६औं बैठक

आज मिति २०७९ कार्तिक १५ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा १० कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | [signature] |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | [signature] |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | [signature] |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | [signature] |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | [signature] |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | [signature] |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | [signature] |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | [signature] |
| १० | श्री भुमिसरा आले | सदस्य | [signature] |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | [signature] |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | [signature] |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | [signature] |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | [signature] |
| १५ | श्री एकदेव पौडेल | सदस्य | [signature] |
| १६ | श्री गोपाल थापा | सदस्य | [signature] |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | [signature] |
| १८ | श्री केशव राज गौतम | सदस्य | [signature] |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | [signature] |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | गोमा |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | [signature] |
| २३ | श्री पार्वती कंडेल | सदस्य | [signature] |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | [signature] |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | [signature] |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | [signature] |
| २७ | श्री गिता देवी बोटे | सदस्य | गिता |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिब | [signature] |

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

**१० औ कार्यपालिका बैठकको छलफलका विषय/बैठक मिति २०७९ कात्तीक १५ गते**

१। अगील्लो बैठकको निर्णय समिक्षा सम्बन्धमा,
२। कर संकलन अभियानको समिक्षा समन्धमा,
३। राजश्व परामर्श समितिको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा,
४। दुम्कौली नगर अस्पताल विकास समिति गठन सम्बन्धमा,
५। भुमि आयोगका कर्मचारीको करार सम्बन्धमा,
६। सडक बोर्डमा पेश गर्ने योजना सम्बन्धमा,
७ वडा नं. ५ र १२ जोड्ने बौलाहा खोलाको पुल सम्बन्धमा,
८। सेवा प्रवाह कक्ष निर्माण गर्ने सम्बन्धमा,
९। योजना परिवर्तन सम्बन्धमा (वडास्तरीय)
१०। विविध (विभिन्न वडा बाट आएका माग निवेदन लगायत),

देवचुली नगरपालिकाको दशौ कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्बसम्मत रुपमा गरियो ।

१। नबौं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। देवचुली नगरपालिका र उद्योग बाणिज्य संघ देवचुलीको संयुक्त सहकार्यमा नगरपालिकाको व्यवसाय कर संकलनका लागि २०७९ असोज महिनामा भएको कर संकलन अभियानको बारेमा समिक्षा गरियो । यस्तो अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिने र उद्योग बाणिज्य संघ संगको सहकार्यलाई निरन्तरता दिदै उद्योग बाणिज्य संघको मागका विषयमा पुन छलफल गर्ने ।

३। स्थानीय राजश्व परामर्श समितिको मिति २०७९/६/२६ गतेको बैठकले गरेका निर्णयहरुमा सामान्य पुनराबलोकन सहित अनुमोदन गर्ने र उक्त निर्णयलाई कार्यान्वयनमा लैजाने ।

१। देवचुली नगरपालिका भित्र चौधरी उद्योग ग्राम सचालनमा रहेको र सो उद्योग ग्राम भित्र के कस्ता उद्योगहरु संचालनमा रहेका छन्, ती उद्योगले के कस्ता बस्तुहरु उत्पादन गर्दछ, उद्योगले कुल कति क्षेत्रफल जग्गा ओगटेको छ, उद्योगको कुल लगानी र त्यसको बार्षिक कारोबारका विषयमा समेत नगरपालिकालाई हालसम्म कुनै जानकारी नभएको कारणले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम पुजी लगानी र बार्षिक कारोबारको आधारमा नगरपालिकाले व्यवसाय कर र सम्पती कर लगाउन नसकेको हुनाले देहायको विवरण मिति २०७९ कात्तिक २५ गते भित्र उपलब्ध गराउन उद्योग ग्रामलाई अनुरोध गर्ने, नगरपालिकाको अनुरोध बमोजिम समयमै यथार्थ विवरण नबुझाएमा नगरपालिका आफैले मुल्याङ्कन गरी सम्पती कर र व्यवसाय कर निर्धारण गर्न नगर कार्यपालिका समक्ष सिफारिश गर्ने,

<u>तपसील</u>

- उद्योगले ओगटेको जग्गाको कुल क्षेत्रफल, (सार्वजनिक जमिन ओगटेको भए सो समेत आफ्नो पुर्जा भित्रको र सार्वजनिक गरी अलग अलग खुलाउने)

हरिप्रसाद न्यौपाने

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

- उद्योग परिसर भित्र रहेका कुल भवन संख्या र तीनले ओगटेको क्षेत्रफल,
- उद्योग परिसर भित्र रहेका उद्योगको संख्या र ती उद्योगबाट उत्पादन हुने बस्तुहरु,
- उद्योगमा हालसम्म भएको पुजी लगानी र उद्योग ग्रामको बार्षिक कारोबार रकम,
- उद्योग ग्रामबाट निस्कने कवाडी मालसामानको किसिम/प्रकृति र त्यसको बार्षिक परिमाण (अलग अलग खुलाएर पेश गर्ने)

२। नगरपालिका क्षेत्रभित्र उत्सर्जन भई निकासी हुने कबाडी माल/बस्तुमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ बमोजिम देहाय बमोजिम कर लगाउन कार्यपालिका समक्ष शिफारिश गर्ने,

| सि.नं. | विवरण | प्रति गाडी रु. |
|---|---|---|
| १। | फलाम | ५०००।० |
| २। | तामा, पित्तल | ७०००।० |
| ३। | सिलट, जस्ता पाता | ३०००।० |
| ४। | प्लाष्टिकजन्य पदार्थ | २०००।० |
| ५। | कागज | २०००।० |
| ६। | मदिराको खाली बोतल | २०००।० |

३। देवचुली नगरपालिका भित्र संचालनमा रहेका देहायका उद्योग व्यवसायबाट उत्पादन हुने देहायका माल/बस्तुहरुमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५८ बमोजिम कर लगाउन कार्यपालिका समक्ष सिफारिश गर्ने,

<table>
<tr><th>सि.नं</th><th>व्यवसायको प्रकार</th><th>उत्पादन हुने माल/वस्तु</th><th>इकाई</th><th>करको दर</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">क्रसर उद्योग</td><td>गिटी/रोडा /बालुवा</td><td rowspan="2">प्रति घन मिटर</td><td>रु. ६०।०</td></tr>
<tr><td>चिप्स</td><td>रु.८५।०</td></tr>
<tr><td rowspan="7">२</td><td rowspan="2">ईटा उद्योग</td><td>ईटा</td><td>प्रति गोटा</td><td>रु. ०।२५ पैसा</td></tr>
<tr><td>माटो</td><td>घन फिट</td><td>रातो रु. ३।०,<br>कालो, खैरो, फुस्रो रु. २।०</td></tr>
<tr><td rowspan="5">ब्लक तथा सिमेन्ट पोल उद्योग</td><td>ब्लक</td><td rowspan="5">प्रति गोटा</td><td>रु. ०।५० पैसा</td></tr>
<tr><td>मोजक टायल</td><td>रु. ०।२५ पैसा</td></tr>
<tr><td>घेराबार पोल</td><td>रु. १०।०</td></tr>
<tr><td>घरगोठ पोल</td><td>रु. १५।०</td></tr>
<tr><td>रिङ्ग</td><td>रु. १०।०</td></tr>
</table>



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद गरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | विद्युत पोल | | रु. १००।० |
| ३ | ह्युम पाइप उद्योग | ह्यम पाईप | प्रति गोटा | ३० MM को रु.२५<br>४५ MM को रु.३५<br>६० MM को रु.४५<br>९० MM को रु.६०<br>९० MM भन्दा माथिको रु.१००।० |
| ४ | पानी प्रशोधन उद्योग | प्रशोधित पानी | बोटल/जार | १ लिटरको २५ पैसा,<br>जार प्रति जार रु. १।० |
| ५ | अल्कोहल उद्योग | वियर | कार्टुन | क्यान वियर प्रति कार्टुन रु. ५।०<br>क्यान बाहेक अन्य प्रति कार्टुन रु.१०।० |
| | | रक्सी | कार्टुन | ७० युपी को प्रति कार्टुन रु. ५।०<br>५० युपी को प्रति कार्टुन रु. १०।०<br>४० युपी को प्रति कार्टुन रु. १५।०<br>३० युपी को प्रति कार्टुन रु. २०।०<br>२५ युपी को प्रति कार्टुन रु. २०।० |
| ६ | अन्य | जाली | प्रति मिटर स्वायर | रु. ५।० |
| | | मोविल | प्रति लिटर | रु. २।० |
| | | एल.पी.ग्यास | प्रति सिलिण्डर | रु. ५।० |

४। नगरपालिका भित्र संचालनमा रहेका होटल व्यवसायहरुलाई करको दायरामा ल्याउन र होटल व्यवसायमा लगाइएको करको दरलाई यथार्थ, वस्तुपरक र वैज्ञानिक बनाउन होटल व्यवसायी संघसंग छलफल गर्ने,

५। मुख्य कार्यालय देवचुली नगरपालिकामा भएका वा मुख्य कार्यालय अन्यत्र राखी देवचुली नगरपालिका भित्र कारोबार गरिरहेका लघुवित्त कम्पनीहरुलाई अनिवार्य रुपमा नगरपालिकामा सुचीकृत गरी व्यवसाय कर तिर्न सुचना/पत्राचार गर्ने,

६। नगरपालिका भित्र संचालनमा रहेका सबै सहकारी संस्थाहरुलाई बार्षिक कारोबार/लेखा परीक्षण प्रतिवेदनको आधारमा कायम भएको नाफाको आधारमा देहाय बमोजिम कर लगाउन नगर कार्यपालिका समक्ष शिफारिश गर्ने, र आर्थिक बर्ष २०७७/०७८ सम्मको करचुक्ता गर्न सहकारी संस्थाहरुलाई पत्राचार गर्ने,

| सि.नं. | सहकारीको किसिम | बार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ | कृषि सहकारी | ०.२५ प्रतिशत | |
| २ | बचत तथा ऋण/ बहुउद्धेश्यि सहकारी | ०.५ प्रतिशत | |
| ३ | दुग्ध उत्पादन सहकारी | ०.०५ प्रतिशत | |



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवचुली, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

७। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ "ख" अनुसार कर तिर्न नगरपालिका भित्रका सामुदायिक बनहरुलाई पत्राचार गर्ने,

८। विभिन्न माध्यमबाट आफ्नो व्यापार व्यवसायको प्रचार प्रसार गर्न राखिएका विज्ञापन बोर्ड ( आफ्नो पसल, कार्यालय, उद्योग, व्यवसाय स्थलमा राखेको परिचय पाटी बाहेक) को कर असुल गर्न आर्थिक बर्ष २०७९/०८० देखि ०८१/०८२ सम्म ३ बर्षका लागि न्युनतम अंक रु. १० लाख कायम गरी कार्यपालिका समक्ष निर्णयका लागि शिफारिश गर्ने,

९। नगरपालिका क्षेत्र भित्रको सार्वजनिक स्थल तथा सडकमा अवैध रुपमा बसी अव्यवस्थित तरिकाले व्यापार व्यवसाय संचालन गरिरहेका ठेलागाडा तथा अन्य घुम्ती पसलहरुलाई १५ दिनको समय दिई आफ्नो व्यापार व्यावसायलाई व्यवस्थित गरी सार्वजनिक स्थल, सडकबाट हटाउन र बजार क्षेत्रलाई व्यवस्थित गर्न सुचना जारी गर्ने । सुचना बमोजिम अटेरी गरी सार्वजनिक स्थल र सडक क्षेत्रमा ठेलागाडा तथा घुम्ती पसल संचालन गरिरहेको पाइएमा रु. ५०००।० प्रतिदिन जरिबाना गर्ने गरी निर्णयका लागि कार्यपालिकामा शिफारिश गर्ने,

१०। नगरपालिका भित्र व्यापार व्यवसाय गरिरहेका तर नगरपालिकामा दर्ता तथा बार्षिक रुपमा नविकरण नगरेका उद्योगी व्यवसायीलाई १५ दिन भित्र आफ्नो पेशा व्यवसाय भएको वडा कार्यालयमा सम्पर्क राखी व्यवसाय दर्ता तथा नविकरण गर्न सुचना जारी गर्ने । सुचना बमोजिम अटेरी गरी व्यवसाय दर्ता तथा नविकरण नगरेको पाइएमा रु. ५०००।० जरिबाना गर्ने गरी निर्णयका लागि कार्यपालिकामा शिफारिश गर्ने,

११। नगरभित्र दर्ता गरी संचालनमा रहेका व्यापार व्यवसायलाई प्रकृतिक प्रकोप लगायत अन्य मनासिव कारण बाट व्यवसायमा क्षति हुन पुगेमा निश्चित रकम राहत स्वरुप व्यवस्थाको लागि कार्यपालिकामा पेश गर्ने।

१२। व्यवसाय करको क्षेत्रलाई व्यवस्थित र दायरा विस्तार गर्ने विषयमा देवचुली उद्योग वाणिज्य संघ र नगरपालिकाको सहकार्यक सम्बन्धमा कार्यपालिकामा छलफलको लागि पेश गर्ने।

१३। व्यवसाय करलाई व्यवस्थित बनाउनको लागि नगरभित्रको बैंक तथा वित्तिय संस्थाले ऋण प्रवाह गर्दा नगरको व्यवसाय दर्ता प्रमाणपत्र लाई समेत अनिर्वाय रुपमा आधार लिने विषयमा छलफल गरी सोको व्यवस्था मिलाउने।

४। दुम्कौली अस्पताल संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम समिति गठन गरी उक्त अस्पताललाई नगर अस्पतालको रुपमा संचालन गर्ने ।

नगर प्रमुख श्री हरिप्रसाद न्यौपाने– अध्यक्ष
नगर उपप्रमुख श्री पार्वता तिवारी–उपाध्यक्ष
वडाध्यक्ष श्री कृष्ण बहादुर केसी, वडा नं. १– सदस्य
वडाध्यक्ष श्री होमनाथ पौडेल, वडा नं. ३– सदस्य
प्रमुख प्रशासकिय अधिकृत– सदस्य,
नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख– सदस्य,
स्वास्थ्य सेवा तथा व्यवस्थापनको क्षेत्रमा काम गरेका २ जना अनुभवी व्यक्ति– सदस्य



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

साथै अस्पतालको संचालन तथा व्यवस्थापनका लागि कार्यविधि मस्यौदा गरी ७ दिन भित्र समिति समक्ष पेश गर्न स्वास्थ्य शाखा प्रमुख राम कुमार श्रेष्ठलाई जिम्मेबारी दिने ।

५। देवचुली नगरपालिका भित्रका अव्यवस्थित बसाबासी, सुकुम्बासीको लगत संकलन तथा कम्प्युटर डाटा इन्ट्रि प्रयोजनका लागि नगरपालिकाले ७ जना कर्मचारी करारमा भर्ना गरेकामा संकलन भएको लगतको कम्प्यूटरमा प्रविष्टी गर्ने काम अझै केही बाँकी रहेकोले निज कर्मचारीको करार अवधि २०७९ कात्तीक १ गते देखि २०७९ पौष मसान्त सम्म नविकरण गर्ने,

६। आर्थिक बर्ष २०७९/०८० मा सडक बोर्डसंग माग गर्ने योजनाका सम्बन्धमा पुर्वाधार विकास समितिका संयोजक, प्रमुख प्रशासकिय अधिकृत र पुर्वाधार शाखा प्रमुखले सडकको अनुगमन गरी अति आवश्यक देखिएको योजना सिफारिश गरी पठाउन जिम्मेबारी दिने,

७। देवचुली नगरपालिकाको वडा नं. १२ र ३ जोड्ने गरी बौलाहा खोलाको वेलचौतारा भन्ने स्थानमा पक्की मोटरेबल पुल बनाउदा दुबै वडाका बासिन्दा लगायत समग्र नगरपालिका भित्रका जनतालाई आवतजावतमा सहज हुने हुनाले उक्त स्थानमा पुल बनाउन विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माणको थप प्रकृया यसै आर्थिक बर्षमा अगाडी बढाउन भौतिक पुर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेश पोखरालाई अनुरोध गर्ने ।

८। देवचुली नगरपालिकाको वडा नं. ५ र १२ जोड्ने गरी मुक्तीक्षेत्र भन्ने स्थानमा मोटरेबल पुल निर्माण गर्न गण्डकी प्रदेश भौतिक पूर्वाधार तथा योजना मन्त्रालयबाट विस्तृत सम्भाव्यता अध्ययन भएको र अध्ययन गर्दाका बखत ३० मिटर लम्बाईको पुल बन्ने अनुमान गरिएकोमा हाल उक्त स्थानमा नदी कटान भै खोलाको क्षेत्र ५० मिटर भन्दा चौडा भएकोले पुन सम्भाव्यता अध्ययन गरी पुल निर्माण गरिदिन अनुरोध गर्ने,

९। देवचुली नगरपालिकाको सेवा प्रवाहलाई सरल सहज र प्रभावकारी बनाउन साथै न्यायीक समितिको काम कारबाहीलाई थप व्यवस्थित गर्न सेवा प्रवाह कक्ष र न्यायीक इजलास आवश्यक देखिएकोले कार्यालय भवनको अगाडीको हालको विश्रामस्थललाई प्रयोगमा ल्याउने गरी आवश्यक डिजाइन तथा लागत अनुमान तयार गर्न कार्यालयलाई निर्देशन दिने,

१०।विविध

क) देबचुली नगरपालिका वडा नं. ४ को माग वमोजिम नगरपालिकामा रहेको १०० के.भी. को ट्रान्सफर्मर उपलब्ध गराउने,

ख) राष्ट्रिय गौरवको आयोजना नारायणगढ बुटवल खण्ड अन्तर्गत देवचुली नगरपालिका भित्रको खण्डको सडक निर्माण कार्यमा निर्माण सामग्री उपलब्ध गराउने लगायत अन्य विषयमा आवश्यक सहजीकरण नगरपालिकाको तर्फबाट गर्ने,

ग) देवचुली नगरपालिका भित्रको फोहरमैलालाई वैज्ञानिक हिसावले व्यवस्थित गर्न र फोहरलाई मोहरमा परिणत गरी आयआर्जनको माध्यम समेत बनाउन के कस्तो सम्भावना/सम्भाव्यता छ भन्ने विषयमा नगरपालिकाको मौजुदा जनशक्तिबाट सम्भावना नभएकोले सम्वन्धित विषय विज्ञ/परामर्श सेवाबाट अध्ययन गराउन नगरपालिका कार्यालयलाई जिम्मेबारी दिने र उक्त कार्य गर्न परामर्श सेवा बापत बढीमा पाच लाख सम्म बजेट विनियोजन गर्ने,

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

घ) देवचुली नगरपालिका कार्यपालिका सदस्य मधुमाया गुरुङ्ग र वडा सदस्य युहन्ना डिसुवा मगर दुर्घटनामा परि उपचार गराइरहनु भएकोले दुवैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै घटनाको प्रकृतिको आधारमा उपचार सहयोग स्वरुप मधुमाया गुरुङ्गलाई रु. एक लाख र युहन्ना डिसुवा मगरलाई रु. २५ हजार आर्थिक सहयोग उपलब्ध गराउने,

ङ) नगरपालिका भित्र संचालन भएका अटो रिक्सा व्यवसायहरुलाई व्यवस्थित गर्न छुट्टै कार्यविधि बनाउन आवश्यक देखिएकोले निर्देशिकाको मस्यौदा बनाउन कार्यालयलाई निर्देशन दिने,

च) यहि मिति २०७९ कात्तीक १८ गते शुक्रबारका दिन परेको हरिबोधनी एकादशी पर्वका अवसरमा अत्याबश्यक सेवा बाहेकका अन्य सेवाहरु (नगरपालिका कार्यालय, वडा कार्यालय लगायत नगरपालिका भित्रका सामुदायिक विद्यालयहरु बन्द रहने) बन्द रहने गरी १ दिन स्थानीय बिदा दिने,

छ) देवचुली नगरपालिकाको कृषि शाखा र पशु सेवा शाखा रहेको स्थान रजहरमा दुबै शाखा संचालन गर्न स्थान अभाव भएकोले कृषि शाखालाई वडा नं. १६ मा रहेको धुवज्योती विद्यालय (विद्यालय मर्ज भएको कारण विद्यालय खाली रहेको) मा स्थानान्तरण गरी सोही स्थानबाट कृषि शाखा संचालन गर्ने,

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner